जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १३८ २०७८ साल पुस १३ गते मंगलबार (28 Dec. 2021 Tuesday) मूल्य रु. ५/-

कोरोना संक्रमणदर घटेको मात्र हो: पूर्णरुपमा हटेको छैन ।

त्यसैले सचेत र सतर्क रहौं ।

विद्यालय तथा अन्य जमघटमा जाँदा

स्वास्थ्य मापदण्डको अनिवार्य पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मूल्य निर्धारण नहुँदै.. २ पृष्ठमा : सोमालियामा निर्वाचनसम्बन्धी ...४ पृष्ठमा : दोषिलाई कारवाहीको माग...

## खेतमा साग टिप्न गएकी महिलाको बियरको बोतल प्रहार गरि हत्या



**दैनिक समाचारदाता**
**राजविराज, १२ पुस ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकामा एक बृद्धको घाटी रेटी हत्या भएको घटना एक महिना नबित्दै पुनः एक अर्की महिलाको हत्या भएको छ।

सो गाउँपालिका वडा नं. १ बरही विरपुरकी ५० वर्षिया भुटनी देवी यादवको सोमबार बिहान हत्या गरिएको अवस्थामा गहुँ खेतको खोल्सोमा मृत शरीर फेला परेको छ। हत्या आइतबार साँझ ६ बजेदेखी १० बजेसम्मको बीचमा हुन सक्ने प्रहरीको अनुमान छ।

शवको प्रकृति र घटनास्थलमा भेटिएका प्रमाणको आधारमा यादवको हत्या भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्ललेले जानकारी दिएका छन्। यादवको टाउँकोमा बियरको बोतल प्रहार गरि हत्या गरिएको प्रारम्भिक अनुसन्धानले देखाएको उनले बताउँदै घटनास्थलमा २ वटा फुटेको र एउटा नफुटेको बियरको बोतल बरामद गरिएको उनले जानकारी दिए।

मृतकका पति जवाहिर यादवले आइतबार साँझ ५ बजेतिर भुटनी देवी हसिया र खरानी लिएर खेततर्फ लागेकी जानकारी दिदै गहुँ खेतमा किरा मार्न प्रयोग गरिने खरानी छर्ने र आउँदा केही सागसब्जी काटेर ल्याउने भन्दै निस्केकी बताए। पत्नि अबेरसम्म घर नफर्केपछि आफूहरु राती १० बजेतिर टर्च बोकेर खेततर्फ खोज्न गएको तर कतै फेला नपरेको र बिहान पुनः खोज्न जाँदा खेतभन्दा करिब ५ सय मिटर टाढा रहेको खोल्सोमा उनको मृत शरीर फेला परेको उनको भनाई छ।

प्रहरीले घटना बारे अनुसन्धानका लागि सोमबारै तालिम प्राप्त कुकुरको प्रयोग समेत गरेको छ। गत मंसिर ८ गते सोही गाउँपालिकाका वडा नं. ६ निवासी ८० वर्षिय मिश्रिलाल मण्डलको दिउँसो १२ बजेतिर घाँटी रेटी हत्या भएको थियो।

## जनमत पार्टीको चक्काजामका कारण राजमार्ग अवरुद्ध

**दैनिक समाचारदाता**
**सिरहा, १२ पुस ।**

जनमत पार्टी आन्दोलन समिति सिरहाले सोमबार गरेको चक्काजामका कारण जनजिवन प्रभावित बनेको छ भने राजमार्ग अवरुद्ध भएको छ।

पूर्वपश्चिम राजमार्गअन्तरगत बन्दीपुरदेखी लहानसम्म प्रहरीले सवारी साधनलाई स्कटिङ गर्दै गन्तब्यतर्फ पुऱ्याएको थियो।

लहान क्षेत्रमा जनमतका कार्यकर्ताले टायर बालेपछि कसहामा सयौं गाडी अलपत्र परेका थिए।

औरही गाँउपालिकाले गहुंको बीउ लुटेको भन्दै चार जना किसानमाथि मुद्दा दर्ता गराएको र एक जनालाई प्रहरीले पक्राउ गरेपछि जनमत पार्टी आन्दोलित बनेको हो। आइतबार सिरहा आमहड्ताल गरेका उक्त पार्टीले सोमबार जिल्लाभर चक्काजाम गरेको थियो।

आमहड्तालको अवज्ञा गरेको भन्दै यसअघि आइतबार जनमतका कार्यकर्ताले चोहर्वामा ना ५ ख ५५२२ नम्बरको ट्रकमा आगजनी तथा मिर्चैया र गोलबजारमा दर्जनौं गाडी तोडफोड गरेका थिए।

आन्दोलनमा प्रहरीले दमन गरेको, पक्राउ परेका किसान र जनमतका १४ जना नेतालाई प्रहरीले पक्राउ गरेको भन्दै उनीहरुको रिहाईको माग गर्दै सोमबार चक्काजाम गरेको जनमत पार्टीले जनाएको छ।

## हतियारसहित एक यूवक पक्राउ

**दैनिक समाचारदाता**
**बारा, १२ पुस ।**

बारा प्रहरीले एक यूवकलाई हतियारसहित पक्राउ गरेको छ भने एक थान कट्टुवा पेस्तोल बरामद गरेको छ र।

पक्राउ पर्नेमा परवानीपुर गाउँपालिका ४ चैनपुर बस्ने २४ वर्षीय सनोर देवान छन्। प्रहरीले लक्ष्मी नारायण दुर्गा मन्दिर परिसरबाट एक थान कट्टुवा पेस्तोलसहित देवानलाई आइतबार पक्राउ गरेको हो।

पक्राउ परेका उनीमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

यसैबीच जिल्लाको औरही गाउँपालिका २ देउरीमा एक थान कट्टुवा पेस्तोल बरामद भएको छ। आइतबारै बिहान आँपको बगैंचाबाट लोड भएको कट्टुवा पेस्तोल प्रहरीले बरामद गरेको हो।

घटनास्थलबाट एक थान पेस्तोल, एक थान मंगलसुत्र र पाँच हजार रुपैयाँ समेत बरामद भएको प्रहरीले जनाएको छ। घटना बारे थपअनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय औरहीले जनाएको छ।

## महिला सहभागितालाई प्रहरी संगठनमा प्राथमिकता दिइएको छ : प्रहरी महानिरीक्षक थापा




**दैनिक समाचारदाता**
**राजविराज, १२ पुस ।**

नेपाल प्रहरीका महानिरीक्षक शैलेश थापा क्षेत्रीले प्रहरी संगठनमा महिला कर्मचारीको संख्या बढाउनु पर्नेमा जोड दिदै यसका लागी आफूहरुले काम गरिरहेको बताएका छन्।

उनले संविधानको मूल मर्म अनुसार ३३ प्रतिशत महिला सहभागितालाई प्रहरी संगठनमा प्राथमिकता दिइएको उल्लेख पनि गरे।

प्रदेश २ प्रहरी तालिम केन्द्र, जनकपुर सम्पर्क कार्यालय राजविराजमा सोमबार महिला आवास गृह, कक्षाकोठा तथा अतिथि गृहको सोमबार उद्घाटन गर्दै उनले सो कुरा बताएका हुन।

हाल नेपाल प्रहरीमा महिलाको सहभागिता ११ प्रतिशत पुगेको र भविष्यमा ५० प्रतिशतसम्म पुऱ्याउने लक्ष्यका साथ कार्य भइरहेको उनले जानकारी दिए।

महिलासहित सम्पूर्ण जनतालाई सुरक्षा र न्याय प्रदान गर्न प्रहरी प्रतिबद्ध रहेको बताउँदै उनले महिला माथि हुने हिंसा अपराधिक घट्नालाई महिला प्रहरी अधिकृत र कर्मचारीले नै सहजिकरण गर्दा सहज हुने जिकिर गरे। न्यायको सही र असल कार्य सम्पादनका लागि महिलामैत्री वातावरण सृजना तर्फ नेपाल प्रहरी अग्रसर भएको समेत बताए।

एमआईपीपी परियोजना अन्तर्गत राजविराजस्थित सम्पर्क कार्यालयमा युनोप्सको सहयोगमा २ सय क्षमता भएको महिला आवास गृह र ५० विद्यार्थी अटाउने क्षमता भएको ४ वटा कक्षा कोठाको निर्माण गरिएको छ। परियोजना प्रमुख कोमल कार्कीले १५ करोडको लागतमा उक्त भवनहरुको निर्माण कार्य सम्पन्न भएको जानकारी दिए।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, प्रदेश २ तालिम केन्द्र राजबिराजका प्रमुख केदार ढकाल, राजबिराज नगरपालिका नगर प्रमुख शम्भु प्रसाद यादव, तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष सतिश कुमार सिँह, रूपनी गाउपालिका अध्यक्ष हरेराम यादब, सप्तरी प्रहरी प्रमुख अभिनारायण काफ्ले, सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठ, रेडक्रस सप्तरीका अध्यक्ष जोगेन्द्र भगत, नेपाल पत्रकार महासँघ सप्तरी अध्यक्ष श्रवण कुमार देवलगायतको समेत उपस्थिति रहेको थियो।

## अश्लिल सामग्री प्रसारण गर्ने पक्राउ

काठमाडौं, १२ पुस (रासस)।

नेपाल प्रहरीले युट्युब च्यानलमार्फत अश्लिल सामग्री प्रसारण गर्ने एकजनालाई पक्राउ गरेको छ। प्रहरीको साइबर ब्यूरोले साथीभाइ अनलाइन टिभी नामक युट्युब च्यानलमार्फत अश्लिल शीर्षक राखेर समाजमा अश्लिलता फैलाउने कार्यमा संलग्न बागलुङ घर भई हाल काठमाडौंको अनामनगर बस्दै आएका ३१ वर्षीय रामबहादुर मल्ललाई आइतबार पक्राउ गरी सोमबार सार्वजनिक गरेको हो।

ब्यूरोका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक नवीन्द अर्यालले युट्युबलगायतका सामाजिक सञ्जालको प्रयोग गरेर विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूर गरेकाले काठमाडौं जिल्ला अदालतबाट अनुमति लिएर पक्राउ गरिएको जानकारी दिनुभयो। मल्ललाई काठमाडौं जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको ब्यूरोका प्रवक्ता अर्यालले बताउनुभयो।

## दुई सय ७१ संक्रमित थपिए

काठमाडौं, १२ पुस (रासस)।

देशभर पछिल्लो २४ घण्टामा थप २ सय ७१ मा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। यस अवधिमा १० हजार ८८६ को पीसीआर परीक्षण गरिएको थियो।

योसँगै नेपालमा पीसीआर परीक्षण गरिएका सङ्क्रमितको संख्या आठ लाख २७ हजार ५२२ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। एन्टिजेन विधिबाट परीक्षण गर्दा सङ्क्रमितको संख्या ९६ हजार १५१ पुगेको छ।

पछिल्लो समय थप २२५

***बाँकी दुई पृष्ठमा***

## सम्पादकीय

# प्रदेशको नाम र राजधानीका लागि दलहरु एकमत हुनु आवश्यक

हाल नेपालको सात प्रदेश मध्ये पाँच प्रदेशको नामाकरण र स्थायी राजधानी समेत तोकिसकेको छ। तर, प्रदेश १ र प्रदेश २ को नामाकरण र स्थायी राजधानीको अझ टुङ्गो लाग्न सकिरहेको छैन। यता प्रदेश २ को नामाकरण र स्थायी राजधानीका लागि एक पटक प्रदेशसभाबाट प्रस्ताव विफल भइसकेको अवस्थामा पुनः सोही सभामा दोश्रो पटक प्रस्ताव दर्ता भएको छ।

प्रदेश २ संसद्मा अहिले विभिन्न राजनीतिक दलहरुले छुट्टाछुट्टै नाम प्रस्ताव गरेका छन्। 'मधेस प्रदेश' को प्रस्तावमा सत्तारुढ जनता समाजवादी पार्टी (जसपा) र नेकपा माओवादी केन्द्र र प्रमुख प्रतिपक्षी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) एकमत छन्। तर, अर्का सत्तारुढ दल नेपाली काँग्रेसले प्रदेशको नाम 'मिथिला भोजपुरा' प्रस्ताव गरेको छ। काँग्रेसका एक सांसद् राजेश्वरप्रसाद साहले भने प्रदेशको नाम 'मध्य मधेस' प्रस्ताव गरेका छन्। यता सत्तारुढ दल नेकपा एकीकृत समाजवादी पार्टीका सांसद प्रमोदकुमार यादवले प्रदेशको नाम 'जानकी' प्रस्ताव गरेका हुन्।

प्रदेश २ को प्रदेशसभामा एक सय ४ जना सदस्य छन्। प्रदेशसभामा जनता समाजवादी पार्टीका ३९, लोकतान्त्रिक समाजवादी पार्टीका १६, माओवादी केन्द्रका ८ सांसद छन्। प्रदेशसभाबाट नाम पारित हुन प्रदेशसभाको दुईतिहाइ अर्थात ६९ सांसदको समर्थन आवश्यक पर्छ। तर, जसपा, लोसपा र माओवादी केन्द्रको समर्थनले मात्र प्रदेशसभाबाट मधेस नाम पारित हुने सम्भावना नभएकाले दलहरुभित्र प्रदेशको नामाकरणको सवाल फेरि सकसमा परेको छ। यसरी प्रदेश स्थापना भएको चार वर्ष हुन लाग्दा नाम र राजधानी अझै अनिश्चित नै छ। अबको एक केही महिनापछि प्रदेशसभाको समयावधी पुग्ने छ। उक्त अवधीमा पनि दलहरु नाम र राजधानीका लागि एकमत नभए अन्यौलको वातावरणमै प्रदेशसभाको आयु सकिने छ। तसर्थ यसका लागि सम्पूर्ण दलहरु प्रदेशको नामाकरण र राजधानीका लागि एकमत हुनु आवश्यक छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# मूल्य निर्धारण नहुँदै सर्लाहीमा उखु काट्न सुरु

सर्लाही, १२ पुस (रासस)।

सर्लाहीका उखु उत्पादक किसानले उखुको मूल्य निर्धारण नहुँदै धमाधम उखु काट्न थालेका छन्। खेतमा भएको उखु निकालेर हिउँदेबाली लगाउन ढिलो भएकाले उखुको मूल्य निर्धारण नहुँदै जिल्लाका किसानले उखु काट्न थालेका हुन्।

सरकारले उखुको समर्थन बिक्री मूल्य निर्धारण नगरेसम्म हतार गरेर किसानले उखु काट्न नहुने नेपाल उखु उत्पादक महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले बताउनुभयो। उहाँका अनुसार उखुको मूल्य निर्धारण गर्न भन्दै केही दिनअघि भएको त्रिपक्षीय छलफल बिना निष्कर्ष टुङ्गिएको र अहिलेसम्म उखुको मूल्य निर्धारण नभएपनि जिल्लाका उखु उत्पादक किसानले उखु काट्न थालेका हुन।

उखु उत्पादक किसानले क्रसिङ सिजनका लागि उखुको न्यूनतम मूल्य प्रति-क्विन्टल रु ६८० हुनुपर्ने भए पनि तत्कालका लागि ६४० मूल्य कायम गरेर उद्योग सञ्चालन गर्न सुझाव दिएको थियो। यता उद्योगले भने सरकारले पछि निर्धारण गरेको मूल्यमा उखु उत्पादक किसानलाई भुक्तानी गर्ने गरी उखु क्रसिङको तयारी थालेको इन्दुशङ्कर चिनी उद्योगका उखु प्रबन्धक योगनारायण रजकले बताउनुभयो।

मूल्यमा सहमति जुट्न नसके पनि चिनी उद्योगले यसै हप्तादेखि क्रसिङ गर्ने गरी उत्पादक किसानलाई धमाधम उखु कटाउने चलान पूर्जी वितरण गर्न थालिसकेका छन्। मूल्य निर्धारण भइनसकेकाले अगाडि नै उखु बिक्री गर्दा पछि किसानलाई भुक्तानीमा समस्या पर्ने अगुवा किसान राजकुमार उप्रेतीले बताउनुभयो।

विभिन्न उखु उत्पादक किसान सम्बद्ध सङ्घ-सङ्घठनले यस क्रसिङ सिजनका लागि उखुको मूल्य प्रति-क्विन्टल रु ६८० भन्दा माथि हुनुपर्ने र त्योभन्दा कम मूल्यमा सहमति गर्न नसकिने अडान लिएका छन्। पुसको १५ हुनै लाग्दा धेरै किसानको उखु खेतमा सुक्न थालिसकेकाले किसानले धमाधम उखु काट्न थालेका हुन। गएको वर्ष सरकारले उखुको प्रति-क्विन्टल मूल्य रु ५३६/५६ पैसा कायम गरेको थियो। त्यसमा उद्योगीले रु ४७१/२८ पैसा र सरकारले उखु किसानलाई अनुदानस्वरूप रु ६५ रुपैयाँ २८ पैसा भुक्तानी गरेको थियो।

जिल्लाको इन्दुशङ्कर चिनी उद्योग हरिवन, महालक्ष्मी सुगर मिल बगदहले क्रसिङ सुरु गरेका छन् भने अन्नपूर्ण चिनी उद्योग किसानको भुक्तानी गर्न नसकेर बन्द रहेको छ।

# वैदिक संस्कृति संरक्षणका लागि 'अन्तर्राष्ट्रिय सहायता कोष' स्थापना गरिँदै

काठमाडौँ, १२ पुस (रासस)।

विश्व हिन्दु महासङ्घले वैदिक धर्म संस्कृति संरक्षणका लागि 'अन्तर्राष्ट्रिय सहायता कोष' स्थापना गर्ने भएको छ। विश्वमा रहेका हिन्दू धर्म संस्कृतिका अनुयायी तथा सङ्घसंस्था र महासङ्घका अन्तर्राष्ट्रिय च्याप्टरसँग समन्वय गरी कोषमा सहयोग सङ्कलन गरिने छ।

कोषमा प्राप्त हुने रकमबाट हिन्दू संस्कृतिका सम्पदाका साथै वैभवशाली इतिहास बोकेका धार्मिकस्थलको संरक्षण तथा शिक्षा क्षेत्रको विकासमा विभिन्न अभियान सञ्चालन गरिने महासङ्घका कार्यवाहक अध्यक्ष अस्मिता भण्डारीले जानकारी दिनुभयो।

कोषमा हिन्दू अनुयायीबाहेक अन्य धर्मावलम्बीका साथै संस्थाबाट आउने चन्दा तथा सहयोगलाई अस्वीकार गरिनेछ। सन्त, महन्त, गुरुजनको मार्ग निर्देशनअनुसार वैदिक संस्कृति, सभ्यताको विकासमा कार्य योजना बनाएको महासङ्घले समाजमा विद्यमान रुढीवादी परम्परा अन्धविश्वास, जातीय विभेद र सामाजिक कुरीतिलाई न्यूनीकरण गरी मुलुकलाई हिन्दूराष्ट्र बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने नीति अवलम्बन गरेको छ।

राष्ट्रिय एकतालाई अछुण्ण राख्न वैदिक, बौद्ध, जैन, शिख, किराँतलगायत समस्त ओमकार परिवारको सम्मान संरक्षण र सम्वर्द्धनका लागि महासङ्घले बृहत् एकताको कार्यमा भूमिका निर्वाह गर्नेछ। विश्वका विभिन्न १४ मुलुकमा सञ्जाल विस्तार गरेको महासङ्घले अन्तर्राष्ट्रिय तहमा बढ्दै गएको धर्मान्तरण र सनातन धर्मावलम्बी माथिको थिचोमिचोविरुद्ध आफ्ना मातहतमा रहेका अन्तर्राष्ट्रिय संस्थालाई सशक्त बनाउने योजना छ।

### दुई सय ७१ ...

जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुने संख्या आठ लाख ११ हजार पाँच पुगेको छ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट एक जनाको मृत्यु भएको छ। योसँगै कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ५८६ पुगेको छ। कोरोनाबाट हुने मृत्युदर १।४ प्रतिशत छ। पछिल्लो समय पाँच लाख ६८ हजार ३१९ ले कोरोना भाइरस विरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ। हाल देशभर सक्रिय सङ्क्रमितको संख्या चार हजार ९ सय ३१ छ।

## विश्व समाचार

# सोमालियामा निर्वाचनसम्बन्धी विवादपछि प्रधानमन्त्री निलम्बनमा

मोगादिशु, १२ पुस (रासस/एएफपी)।

सोमालियाका राष्ट्रपति मोहमद अब्दुल्लाही मोहमदले सोमबार प्रधानमन्त्री मोहमद हुसैन रोब्लेलाई निलम्बन गरिएको घोषणा गर्नुभएको छ। संकटग्रस्त यस अफ्रिकी मुलुकमा लामो समयसम्म रोकिएको निर्वाचन सम्पन्न गर्ने सम्बन्धमा दुई नेताबीच विवाद भएपछि राष्ट्रपतिले प्रधानमन्त्रीलाई निलम्बन गर्नुभएको राष्ट्रपतिको कार्यालयका एक अधिकारीले बताए।

"राष्ट्रपतिले प्रधानमन्त्री मोहमद हुसेन रोब्लेलाई निलम्बन गर्ने र आफूले भ्रष्टाचार गरेको ठहरिएमा पदमा नरहने बताउनुभएको छ," राष्ट्रपतिको कार्यालयले एक वक्तव्यमा भनेको छ।प्रधानमन्त्रीलाई जमिन ओगट्ने एक मुद्दाको छानबिनमा हस्तक्षेप गरेको र निर्वाचन प्रक्रियालाई लम्ब्याएको आरोप लगाउँदै निलम्बन गरिएको घोषणा गरिएको छ। फार्माजो भनेर चिनिने राष्ट्रपति मोहम्मद र प्रधानमन्त्री रोब्लेबीच लामो समयदेखि सत्ता सञ्चालनका विषयलाई लिएर सम्बन्ध विग्रिएको थियो। पछिल्लो घटनाक्रमले सोमालियाको राजनीतिक स्थिरतासहज नहुने नयाँ डर उत्पन्न गरेको छ। राष्ट्रपति र प्रधानमन्त्रीको विवाद र प्रधानमन्त्रीको निलम्बनले सोमालियामा तत्काल निर्वाचन नहुने हो कि भन्ने चिन्ता थपिएको छ।

आइतबार रोब्लेले राष्ट्रपतिले निर्वाचन प्रक्रिया तोडफोड गरेको आरोप लगाउनुभएको छ। सोमबारको निलम्बन घोषणाप्रति कुनै प्रतिक्रिया नदिए पनि रोब्लेले भन्नुभयो, "फार्माजोले स्वस्थ तथा विश्वसनीय निर्वाचन गर्न नचाहेको बताउनुभएको छ। अप्रिलमा फार्माजोले नयाँ निर्वाचन नगरी आफ्नो कार्यकाल लम्ब्याएपछि सरकार समर्थक तथा विपक्षी लडाकूहरूले मोगादिशुको सडकमा प्रदर्शनहरू गरेका थिए भने दर्जनौं मानिसको झडपहरूमा परी मृत्यु भएको छ।

# कोभिड सङ्क्रमण बढ्न थालेपछि दिल्लीमा पुनः रात्रिकालीन निषेधाज्ञा

नयाँ दिल्ली, १२ पुस (रासस/एएनआई)।

भारतको राजधानी नयाँ दिल्लीमा कोरोनाभाइरसको सङ्क्रमणमा निरन्तर वृद्धि देखिएको भन्दै राज्य सरकारले सोमवारबाट पुनः रात्रिकालीन निषेधाज्ञा (कर्फ्यु) लगाउने निर्णय गरेको छ।

ओमिक्रोन भेरियन्टसँग जोडिएका सङ्मित विरामीको सङ्ख्या वृद्धि भएपछि सरकारले यो घोषणा गरेको हो। सरकारले सोमबारदेखि नै लागू हुनेगरी राति ११ बजेदेखि बिहान ५ बजेसम्म कर्फ्यु लगाउने निर्णय गरेको हो। पछिल्लो २४ घण्टामा दिल्लीका २९० थप व्यक्ति सङ्क्रमित भएको पुष्टि भएको छ।

उक्त सङ्ख्या पछिल्लो छ महिना यताकै सर्वाधिक भएको बताइएको छ। पछिल्लो २४ घण्टामा दिल्लीमा एक जनाको मृत्यु भएको छ भने यहाँ सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार १०० भन्दा बढी छ। भारतमा पछिल्लो २४ घण्टामा करिब सात हजार नयाँ सङ्क्रमणका घटना देखिएको संघीय सरकारद्वारा सार्वजनिक तथ्याङ्कमा उल्लेख छ। हालसम्म भारतमा ४०० भन्दा बढी व्यक्तिमा ओमिक्रोन भेरिअन्ट सङ्क्रमण पुष्टि भएका बताइएको छ।

# भारी हिमपातका कारण मध्य जापानको आवागमन अस्तव्यस्त

टोकियो, १२ पुस (रासस/एएफपी)।

भारी हिमपातका कारण सोमबार मध्य जापानमा ट्राफिक जाम, उडान रद्द र रेल सेवामा अवरोध उत्पन्न भएको छ। 'कान्साई इलेक्ट्रिक पावर'का अनुसार यस क्षेत्रमा हिमपातका कारण विद्युत आपूर्तिमा अवरोध आउँदा तीन हजार २०० भन्दा बढी परिवारहरू विद्युतविहीन अवस्थामा अन्धकारमा बस्न बाध्य बनेका छन्। अधिकारीहरूले सोमबार राति पनि थप हिउँपर्ने पूर्वानुमान गर्दै सावधानी अपनाउनका आग्रह गरेका छन्।

हिमबर्षा र चिसो मौसमका कारण अहिलेसम्म कुनै चोट वा मृत्यु को पुष्टि नभएको जापान सरकारका प्रवक्ता हिरोकाजु मात्सुनोले बताउनुभयो। मात्सुनोले भन्नुभयो, "हिउँदे वायुको कडा चापको केन्द्र उक्त क्षेत्रमा परेकाले भारी हिउँ परेको र मुख्यतया उत्तरीदेखि पश्चिमी जापानसम्मका सामुद्रिक क्षेत्रमा उच्च हिमपात भइरहेको छ। भोलि हिउँको मात्रा बढ्ने अनुमान गरिएको छ। अझ बढी सावधानी अपनाउनु आवश्यक देखिन्छ।"

"अलपत्र परेका गाडीहरूको कारण शिगा क्षेत्रको एउटा प्रमुख सडक बन्द गरिएको भएपनि अपरान्हतिर गाडीहरू चल्न थालेका टिभी फुटेजमा देखिएको मात्सुनोले बताउनुभयो।

सार्वजनिक प्रसारक एनएचकेका अनुसार हाइकोन शहर नजिकै एउटा ट्रक चिप्लिएपछि ट्राफिक जाम सुरु भएको थियो। उक्त स्थानमा सोमबार बिहानसम्म २४ घण्टाको अन्तरालमा ६८ सेन्टिमिटर (२६ इन्च) हिउँको सतह बनेको एनएचकेले बताएको छ। हाइकोन शहर नजिकमा यो औसत भन्दा ३० गुणा बढी हिमबर्षा हो। एनएचकेले यस क्षेत्रको स्थानीय रेल लाइनमा रेल फसेपछि रातभर झन्डै २०० यात्रुहरू हिउँमा अलपत्र परेका बताएको छ। हिउँको कारण आइतबार पनि लगभग १३० घरेलु उडान रद्द गरिएको जिजी प्रेसले बताएको छ। सोमबार लगभग ५० उडान रद्द भएका एनएचकेले जापानी उड्ययन अधिकारीलाई उद्धृत गरी लेखेको छ।

# ऋण नतिर्ने कृषकहरुलाई ऋण बुझाउन ल्याउन वारे कृषि विकास बैंकको २१ दिने सुचना

यस बैंकको शाखा कार्यालय बोदेवर्साइनबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उदेश्यका लागि विभिन्न मितिमा ऋण लिई हालसम्म ऋण नबुझाई निम्न लेखिए अनुसारको रकम भाखा नघाई सकेको र उक्त रकम बुझाउने सम्बन्धमा सम्वन्धित कार्यालयले वारम्बार तागेदा गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने ऋणको सावा र सो मा लाग्ने व्याज र नियमानुसारको थप व्याज समेत नबुझाएको हुंदा यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्वन्धित कार्यालयमा बुझाउनका लागि यो सुचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम बुझाउन नआएमा कृषि विकास बैंक ऐन २०२४(संशोधित सहित) को दफा २० (क) र यस बैंकको नियमानुसार ऋण लिदा बैंकलाई लेखि दिएको धितो लिलाम विकी वा अन्य व्यवस्था गरी बैंकको सावा व्याज तथा नियमानुसार लाग्ने थप व्याज असुल उपर गरिने व्यहोरा जानकारी गराउदछौ ।

**तपसिल :–**

| क.स. | ऋणीको नाम | मिसिल नं. | कर्जा ग्राहक वा प्रोपराइटरको वुवा/पति को नाम | गा.वि.स. | वा.नं. | उदेश्य | ०७८ मंसिर मसान्तसम्मको भाखा नाघेको वाकी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | सावा | व्याज | जम्मा |
| १ | राम चन्द्र राउत | ४५६२ | मखन राउत | अर्नाहा | ९ | सरल कृषि कर्जा | ६००००० | २२५०० | ६२२५०० |
| २ | विरेन्द्र कुमार मण्डल | ५६४४ | रासलाल मण्डल | मलहनिया | ३ | ,, | २००००० | १२००० | २१२००० |
| ३ | दुर्गानन्द यादव | ५४७४ | चौधरी यादव | कविलासा | ५ | सरल कृषि कर्जा | ९५०००० | ४७००० | ९९७००० |
| ४ | प्रताप नारायण साह तेली | २३२५ | सिताराम साह | खडगपुर | ६ | घराइसी | ८००००० | ४३००० | ८४३००० |
| ५ | मन्जु बाखा पालन फार्म | ५७३० | शशी कुमार चौधरी | डाकनेश्वरी | ३ | सहुलियत कर्जा | १६००० | ४००० | २०००० |
| ६ | चन्द्रकला बाखा पालन फर्म | ५७०४ | जय प्रकाश चौधरी | डाकनेश्वरी | ,, | सहुलियत कर्जा | १२२०० | १००० | १३२०० |
| ७ | आशावति बाखा पालन फर्म | ५७३१ | सिकिन्दर चौधरी | डाकनेश्वरी | ,, | सहुलियत कर्जा | ७२०० | ५०० | ७८०० |
| ८ | सारदा बाखा पालन फर्म | ५६९९ | रामविलास सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| ९ | सुनिता बाखा पालन फर्म | ५७०३ | कन्ठा सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| १० | रुकमैन बाखा पालन फर्म | ५७१२ | लक्ष्मण सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| ११ | प्रयागी बाखा पालन फर्म | ५७०८ | राम प्रसाद सदाय | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| १२ | भोलवी बाखा पालन फर्म | ५७०७ | रामअवतार सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| १३ | श्याम बाखा पालन फर्म | ५७१० | अशोक सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| १४ | रिता बाखा पालन फर्म | ५७१४ | रामअशिष सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| १५ | अगैर बाखा पालन फर्म | ५७०६ | पवन सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| १६ | गिता बाखा पालन फर्म | ५७१५ | लखन सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| १७ | रिता बाखा पालन फर्म | ५७१३ | दुलिचन सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | १९००० | १००० | २०००० |
| १८ | विनिता बाखा पालन फर्म | ५६९२ | पलट सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | १८००० | १००० | १९००० |
| १९ | रिता बाखा पालन फर्म | ५६९० | बुवा–शम्भु सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | १६००० | १००० | १७००० |
| २० | रन्जु बाखा पालन फर्म | ५६८९ | रामसुन्दर सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | १५००० | १००० | १६००० |
| २१ | अनिता बाखा पालन फर्म | ५६९३ | इसकीलाल सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | १५००० | १००० | १६००० |
| २२ | ललिता बाखा पालन फर्म | ५६९१ | सुरेश कुमार सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | १२००० | १००० | १३००० |
| २३ | ममता बाखा पालन फर्म | ५७०५ | छोटेलाल सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २८००० | १००० | २९००० |
| २४ | सतो बाखा पालन फर्म | ५६९५ | कमलदेव सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २५००० | १००० | २६००० |
| २५ | बुदुन बाखा पालन फर्म | ५७०२ | पशुपति सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| २६ | सितली बाखा पालन फर्म | ५७०० | कोकाई सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| २७ | कोशिला बाखा पालन फर्म | ५६९८ | बद्री सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| २८ | सुजान बाखा पालन फर्म | ५७०९ | गोसाई सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| २९ | सकुन्ती बाखा पालन फर्म | ५७१६ | उपेन्द्र सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| ३० | चन्देश्वरी बाखा पालन फर्म | ५७११ | बुध सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| ३१ | राजो बाखा पालन फर्म | ५७०८ | रामबाबु सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| ३२ | ललिता बाखा पालन फर्म | ५६८८ | पवन कुमार सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | १५००० | १००० | १६००० |
| ३३ | कलवतिया बाखा पालन फर्म | ५६९७ | रामबालक सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | १५००० | १००० | १६००० |
| ३४ | बविता बाखा पालन फर्म | ५६८७ | नसिवलाल सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | १३००० | १००० | १४००० |
| ३५ | राधा बाखा पालन फर्म | ५६८६ | रुदल सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | १३००० | १००० | १४००० |
| ३६ | मनिपा बाखा पालन फर्म | ५६९४ | शिव कुमार सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | ११००० | १००० | १२००० |
| ३७ | रेवनी बाखा पालन फर्म | ५६९६ | विरेन्द्र कुमार सदा | डाकनेश्वरी | ५ | सहुलियत कर्जा | १०००० | १००० | ११००० |
| ३८ | पार्वती बाखा तथा पशुपालन फर्म | ५७२६ | शोभानन्द राय | तरही | ३ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| ३९ | वीणा बाखा पालन फर्म | ५७३२ | उमेश कुमार मुखिया | तरही | ५ | सहुलियत कर्जा | २०००० | १००० | २१००० |
| | जम्मा | | | | | | ३१७०४०० | १६२००० | ३३३२४०० |

**कृषि विकास बैंक लि., शाखा कार्यालय, बोदेबर्साइन, सप्तरी**

# दोषिलाई कारवाहीको माग गर्दै जनमत पार्टीद्वारा प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, १२ पुस ।**
दोषिमाथी कारवाहीको माग गर्दै जनमत पार्टीले सोमबार सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा प्रदर्शन, घेराउ तथा चक्काजाम लगायतका बिरोधका कार्यक्रम गरेका छन् ।

दुई दिनअघि सो पार्टीद्वारा हनुमाननगर कंकालिनी नगरपालिका वडा ११ स्थित सामुदायिक भवनमा आयोजित कोणसभा बिथोल्न वडा अध्यक्ष मोहीनारायण यादवको नेतृत्वमा एक समूहले घरेलु हतियारसहित नेताहरुमाथी आक्रमण तथा सहभागिहरुको मोटरसाइकल तोडफोड गरेको बिरोधमा सो बिरोधका कार्यक्रमहरु गरेका हुन् ।

पार्टीका नेता कार्यकर्ताहरुले हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालय र प्रहरी चौकी घेराउ गर्नुका साथै टायर बालेर हनुमाननगर बजारमा प्रदर्शन गरेका छन् । जनमत पार्टीका नेता कार्यकर्ता सडकमा उत्रेपछि एक घण्टा सडक अवरुद्ध हुनुका साथै प्रहरी चौकी र नगरपालिकाको सेवा प्रभावित बनेको थियो ।

पार्टीका जिल्ला सचिव थानेश्वर प्रसाद साहका अनुसार शनिबार आयोजित पार्टीको कोणसभालाई लक्षित गरि वडा अध्यक्ष मोहिनारायण यादवको नेतृत्वमा एक समूहले धारिलो हतियारसहित आक्रमण गर्दा मोटरसाइकलमा क्षति तथा पार्टीका पालिका सहसचिव मण्डललाई चोट लागेको छ ।

उनले शान्तिपूर्ण सभामा आक्रमण र तोडफोड गर्नेलाई अविलम्ब पक्राउ, घाइतेको उपचार र क्षतिपूर्तीको माग अघि सार्दै माग पुरा नभए आन्दोलन अझ चर्काउने चेतावनी समेत दिएका छन् ।

# सेनाद्वारा चुरे क्षेत्रमा चार हजार बोट बिरुवा रोपिए



**दैनिक समाचारदाता**
**राजविराज, १२ पुस ।**
सप्तरी जिल्लाको रुपनी गाउपालिका वडा नं. ५ स्थित चुरे क्षेत्र अन्तरगत रहेको दुधैला खोलामा सोमबार राजविराजस्थित नेपाली सेनाको भीमदल गणको अभ्यास ईलाकाले विभिन्न जातका बोटबिरुवा रोपेको छ ।

जिल्ला वन कार्यालय सप्तरीसँगको सहकार्यमा चुरे क्षेत्रको संरक्षणमा टेवा पुऱ्याउने उद्देश्यले उक्त बृक्षारोपन गरिएको भिम दल गणले जनाएको छ ।

उक्त क्षेत्रमा तेजपत्ताको ९ सय बोट, मगहनीको १ हजार २ सय बोट, मसलाको १ हजा बोट र खयरको ९ सय विरुवा गरि जम्मा चार हजार बोट बिरुवाहरु बृक्षारोपण गरिएको हो ।

सेनाको नं. २७ वाहिनीपति सहायक रथी हेमराज केसीको प्रमुख अतिथीमा तथा सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमको विशिष्ट आतिथ्यमा आयोजित बृक्षारोपन कार्यक्रममा गरिएको थियो ।

कार्यक्रममा भिम दल गणका गणपति प्रमुख सेनानी निरज भण्डारी, सशस्त्र प्रहरी नं. ६ गणका प्रमुख सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठ लगायत जिलला वन कार्यालयका प्रमुख, रुपनी गाउपालिका वडा नं. ५ का वडा अध्यक्ष, त्रिशक्ति र शनिदेव वन उपभोक्त समितीका अध्यक्षहरुको समेत उपस्थिती रहेको थियो ।

# निर्वाचनमा सुरक्षा व्यवस्था र स्रोत साधनको आँकलनबारे छलफल

काठमाडौं, १२ पुस (रासस) ।
नेपाल सरकारले आसन्न राष्ट्रियसभा सदस्यको निर्वाचन र आगामी स्थानीय तहको निर्वाचनमा सुरक्षा व्यवस्था र स्रोतसाधनबारे सम्बन्धित निकायका पदाधिकारीसँग छलफल सुरु गरेको छ ।

गृहमन्त्री बालकृष्ण खाणको अध्यक्षतामा सोमबार विभिन्न मन्त्रालयका मन्त्री, सचिव र सुरक्षा निकायका प्रतिनिधिहरूसहितको संयुक्त बैठकमा सुरक्षा रणनीति र बन्दोबस्तीका सामानबारे सुझाव लिईएको छ । बैठकमा निस्पक्ष, सुरक्षित र शान्तिपूर्ण निर्वाचनका लागि निर्वाचनमा सुरक्षा सरोकारका विषय तथा निर्वाचन सुरक्षाका लागि आवश्यक पर्ने स्रोत साधनको आँकलन र व्यवस्थापनसम्बन्धी विविध विषयमा छलफल भएको हो ।

बैठकमा अर्थ, रक्षा, परराष्ट्र, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवलगायत सबै सुरक्षा निकायका प्रतिनिधिको उपस्थिति थियो ।

बैठकमा विभिन्न प्रस्ताव आएका र प्राप्त सुझावका आधारमा योजना बनाउने, स्रोत साधनको आँकलन गर्ने, व्यवस्थापन गर्नेलगायत विषयमा पुनः छलफल गरेर अघि बढ्ने गृह मन्त्रालयका प्रवक्ता प्रदीप कोइरालाले बताउनुभयो ।

# पुष १४ देखी प्रदेशस्तरिय पुरूष सिनियर क्रिकेट छनोट प्रतियोगिता



**दैनिक समाचारदाता**
**राजविराज, १२ पुस ।**
प्रधानमन्त्री कप पुरूष राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत पुस १४ गतेदेखी राजबिराजमा प्रदेशस्तरिय पुरूष सिनियर क्रिकेट छनोट प्रतियोगिता हुँदैछ ।

सप्तरी क्रिकेट संघको आयोजनामा तथा नेपाल क्रिकेट संघको समन्वयमा पुस १४ देखि राजबिराजमा सुरू हुने भनिएको प्रतियोगिताको सम्पुर्ण तयारी भएको छ ।

प्रदेश २ को सप्तरीसहित आठ वटै जिल्ला सम्मलित सो प्रतियोगिता राजबिराजस्थित राजरंगशाला र मबिव क्याम्पस राजबिराजको खेलमैदानमा हुने सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादवले जानकारी दिएका छन् ।

महबुब आलमको कप्तानीमा १५ सदस्यीय टोलीको चयन गरिएको सप्तरी क्रिकेट संघले जनाएको छ ।

चयन गरिएका खेलाडीहरूमा महबुव आलम कप्तान, आशिष झा उपकप्तान तथा किपर, अमित यादव, रोहन बिक, रोहित सिँह, रोबिन सिँह, नितेश यादव, धिरज मण्डल, अजय यादव, निरज यादव, बिकास दास, अमित मण्डल, पप्पु यादव, भोला साह रहेका छन ।

यस्तै बैकल्पिक खेलाडीहरूमा नितेश यादव, बिकास दास, अभिषेक कार्कीलाई राखिएको खेलाडी छनोट समितिका सदस्य रोशन मण्डलले जानकारी दिए ।

सो प्रदेश छनोट प्रतियोगिताबाट यही पुस २५ गते देखी काठमाडौंमा हुने प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगितामा प्रदेश २ को टिम चयन गरिने प्रदेश २ क्रिकेट संघका सचिव आयुष श्रेष्ठले जानकारी दिए ।

# मैत्रीपूर्ण खेलमा सप्तरीद्वारा सुनसरी पराजित

**दैनिक समाचारदाता**
**राजविराज, १२ पुस ।**
प्रधानमन्त्री कप राष्ट्रिय प्रतियोगितामा सहभागीका लागि सुनसरीको ईटहरीमा जारी एक दिने सप्तरी र सुनसरी बिचको मैत्रीपूर्ण खेलमा सप्तरी बिजय भएको छ ।

सोमवार सुनसरीको ईटहरीमा संचालित मैत्रीपुर्ण खेलमा सुनसरीलाई सप्तरीले १ सय ३ रनले पराजित गरेको हो ।

टस जितेर सप्तरी क्रिकेट टिमले निर्धारित २५ ओभरको खेलमा दुई विकेटको क्षतिमा २ सय ४ रनको विशाल योगफल खडा गरेको थियो । जसमा आशिष झा ५७ रन, रोहन बिक ३९, अमित यादव अबिजित ३६ र महबुव आलम ३३ रन अबिजित रहदै पारी खेलेका थिए । यता ईटहरी टिमका सरोज बस्नेत र सुरज कुमार ले १/१ बिकेट हात पारेका थिए ।

जवाफमा ईटहरी टिमले सबै बिकेट गुमाई १ सय १ रन मै सिमित रह्यो । सुनसरीलाई सस्तैमा समेट्न सप्तरीका नितेश यादवले उत्कृष्ट बलिंग गर्दै ४ बिकेट तथा पप्पु यादवले २, रोहित सिँह र अनिल यादवले १/१ बिकेट लिएका थिए । खेलको म्यान अफ दि म्याच आशिष झा घोषित भए ।

जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं

- जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री बातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np